बुढानीलकण्ठ नगरपालिका

नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्ड : ८ सङ्ख्या : ३ मिति :- २०८२।१०।०७

भाग : १

# बुढानीलकण्ठ अस्पताल व्यवस्थापन ऐन, २०८२

**प्रस्तावना** : नेपालको संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय, जनमुखी र प्रभावकारी बनाउन तथा स्वस्थ जीवन यापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (झ) को देहाय (३) द्वारा प्रदत्त अस्पतालको स्थापना तथा सञ्चालन गर्न पाउने स्थानीय तहको अधिकार कार्यान्वयन गर्न गराउनका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ बमोजिम बुढानीलकण्ठ नगरपालिकाको १७ औं नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **'बुढानीलकण्ठ अस्पताल व्यवस्थापन ऐन, २०८२'** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

**(क) 'अस्पताल'** भन्नाले यस ऐन बमोजिम बुढानीलकण्ठ नगरपालिकाद्धारा व्यवस्थापन तथा सञ्चालन गरिने बुढानीलकण्ठ नगर अस्पताल सम्झनुपर्छ।

**(ख) 'अस्पताल कर्मचारी'** भन्नाले यस ऐन बमोजिमको अस्पतालका लागि स्वीकृत भएको कर्मचारी दरबन्दीमा न्यूनतम ६ महिना कार्य गरेका स्थायी, करार वा ज्यालादारी सेवाका कर्मचारी सम्झनुपर्छ।

**(ग) 'अस्पताल निर्देशक'** भन्नाले अस्पताल सञ्चालन कार्यका लागि व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले नियुक्त गरेको उच्च तहको चिकित्सक सम्झनु पर्छ।

**(घ) 'उपप्रमुख'** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ।

**(ङ) 'ऐन'** भन्नाले बुढानीलकण्ठ अस्पताल व्यवस्थापन ऐन, २०८२ सम्झनुपर्छ।

**(च) 'कर्मचारी'** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको कोषबाट पारिश्रमिक तथा सेवा सुविधा प्राप्त गर्ने गरी नियुक्त भएका सबै सेवा तथा समुहका स्थायी, करार वा अन्य सर्त बमोजिम पारिश्रमिक पाउने

कर्मचारी  सम्झनु पर्छ र सो शव्दले नेपाल सरकार वा प्रदेश सरकारबाट बुढानीलकण्ठ अस्पतालमा कार्य गर्ने गरी खटाइएका कर्मचारीलाई समेत जनाउँछ ।

(छ) **'कार्यपालिका'** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ज) **'डिजिटल माध्यम'** भन्नाले सूचना प्रविधिको माध्यमबाट पत्र सञ्चार वा सूचना तथा जानकारी प्रवाह गर्ने अनलाइन प्रणाली (ईमेल, भाइवर ग्रुप, ह्वाट्स एप ग्रुप, मेसेन्सर वा यस्तै प्रकारका सरकारी मान्यता प्राप्त अन्य विद्युतीय सञ्चारका माध्यम सम्झनुपर्छ ।

(झ) **'तोकिएको'** वा **'तोकिए बमोजिम'** भन्नाले यस ऐनअन्तर्गत बनेको नियम वा निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ञ) **'नगरपालिका'** भन्नाले बुढानीलकण्ठ नगरपालिका सम्झनुपर्छ ।

(ट) **'नगरपालिका क्षेत्र'** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको भौगोलिक क्षेत्र सम्झनुपर्छ ।

(ठ) **'नगर सभा'** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(ड) **'न्यायिक समिति'** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको न्यायिक समिति सम्झनुपर्छ ।

(ढ) **'प्रमुख'** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ण) **'प्रमुख कार्यकारी अधिकृत'** भन्नाले बुढानीलकण्ठ नगरपालिकाद्धारा सञ्चालित अस्पतालको प्रमुख भई कार्य गर्न तोकिएको प्रमुख कार्यकारी अधिकृत सम्झनुपर्छ ।

(त) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(थ) **'लेखा प्रमुख'** भन्नाले बुढानीलकण्ठ नगर अस्पतालको आर्थिक प्रशासन प्रमुख सम्झनुपर्छ ।

(द) **'समिति'** भन्नाले दफा घ बमोजिम गठित व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ध) **'सामाजिक समिति'** भन्नाले बुढानीलकण्ठ नगरपालिका कार्यपालिका अन्तर्गत गठित सामाजिक समिति सम्झनुपर्छ ।

(न) **'सेवाग्राही'** भन्नाले अस्पतालबाट उपलब्ध हुने स्वास्थ्य तथा अन्य सेवा प्राप्त गर्ने व्यक्ति सम्झनुपर्छ ।

(प) **'स्वास्थ्यकर्मी'** भन्नाले प्रचलित कानुन बमोजिम चिकित्सक, नर्स, स्वास्थ्यकर्मीका रूपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनुपर्छ ।

(फ) **'स्वास्थ्य सेवा'** भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेदसहित अन्य वैकल्पिक चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ ।

(प) **'स्वास्थ्य संस्था'** भन्नाले सरकारी स्वास्थ्य संस्था सम्झनुपर्छ र सो शब्दले प्रचलित कानुनबमोजिम नगरपालिका क्षेत्रभित्र स्थापित सामुदायिक वा गैरसरकारी वा निजी वा सहकारी वा गैह्रनाफामूलक रूपमा स्थापना भएका स्वास्थ्य संस्थालाई समेत जनाउँछ ।

## परिच्छेद-२

## बुढानीलकण्ठ अस्पताल व्यवस्थापन तथा सञ्चालन

**३. व्यवस्थापन समिति :** (१) बुढानीलकण्ठ अस्पताल स्थापना, विकास, आवश्यक स्रोत साधनको प्रबन्ध, अस्पतालको नियमित सञ्चालन तथा समग्र व्यवस्थापकीय कार्य गर्न नगरपालिकामा एक व्यवस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन्:

| | |
|---|---|
| (क) प्रमुख | अध्यक्ष |
| (ख) उपप्रमुख | उपाध्यक्ष |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) सामाजिक समितिका संयोजक | सदस्य |
| (ङ) अस्पताल रहेको सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (च) ख्यातिप्राप्त चिकित्सक वा सरकारी अस्पतालमा सेवारत वरिष्ठ चिकित्सकमध्येबाट कार्यपालिकाले छनौट गरेको विषयगत क्षेत्रको विशेषज्ञ चिकित्सक एक जना | सदस्य |
| (छ) जनस्वास्थ्य विज्ञबाट समितिले मनोनयन गरेको एक जना | सदस्य |
| (ज) अस्पताल निर्देशक | सदस्य |
| (झ) प्रमुख कार्यकारी अधिकृत | सदस्य-सचिव |

(३) कार्यपालिकाले आवश्यक देखेमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी व्यवस्थापन समितिका सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिले जनप्रतिनिधि, अस्पताल सञ्चालन तथा व्यवस्थापन क्षेत्र वा जनस्वास्थ्यको क्षेत्रमा कार्यरत विशेषज्ञ वा सम्बद्ध क्षेत्रका कर्मचारीलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) अस्पताल सञ्चालनका विषयमा विशेषज्ञबाट नियमित रुपमा राय परामर्श प्राप्त गर्न आवश्यक देखिएमा समितिले विभिन्न विषय विज्ञलाई सल्लाहकारका रुपमा नियुक्त गर्न सक्नेछ ।

तर, पारिश्रमिक दिने गरी विज्ञ सल्लाहकार वा परामर्शदाता नियुक्त गर्नुपर्ने भएमा कार्यपालिकाबाट निर्णय गर्नुपर्नेछ ।

(६) समितिको बैठक बसेवापत समितिका पदाधिकारी र आमन्त्रित सदस्यका लागि प्रचलित कानूनबमोजिमको बैठक भत्ता दिनु पर्नेछ ।

**४. समितिको बैठक र निर्णय** : (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठक सामान्यतः महिनाको एक पटक बस्नेछ । बैठक हुनुभन्दा कम्तीमा ३ दिन अगाडि बैठकको प्रस्ताव सहित समितिका सबै पदाधिकारी तथा सदस्यहरुलाई बैठक बस्ने मिति, स्थान र समय तोकिएको पत्र अध्यक्षसँगको समन्वयमा सदस्य सचिवले प्रेषित गर्नेछ । पत्र डिजिटल माध्यमबाट समेत प्रेषित गर्न सकिनेछ ।

तर, अस्पताल सञ्चालनको क्रममा समितिको आकस्मिक बैठक बस्नुपर्ने अवस्था सिर्जना भएमा अध्यक्षको निर्देशनमा सदस्य सचिवले तत्काल बैठक बोलाउन यस प्रावधानले बाधा पुगेको मानिने छैन ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा बैठक बस्न अपरिहार्य देखिन आए प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा समितिको बैठक बस्न सक्नेछ ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) बहुमतको निर्णय बैठकको निर्णय हुनेछ । बैठकमा बहुमत कायम हुन नसकेमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

(६) बैठकको निर्णय बैठकका अध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. समितिको काम, कर्तव्य र अधिकार** : (१) यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा सहज र सरल रुपमा उपलब्ध गराउने,

(ख) प्रचलित कानुनले तोकेको स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने,

(ग) अस्पतालको लागि आवश्यक पर्ने दक्ष जनशक्तिको व्यवस्थापन गर्ने,

(घ) अस्पतालको सेवा नियमित, विश्वसनीय र लक्ष्यअनुरुप सञ्चालन गर्न आवश्यक पर्ने नीतिगत व्यवस्था, वार्षिक कार्यक्रम बजेट तयार गरी कार्यपालिकामा सिफारिस गर्ने,

(ङ) अस्पतालको सेवालाई विशिष्टीकृत गर्दै लैजानका लागि आवश्यक पर्ने जग्गा, भवन तथा अन्य भौतिक पूर्वाधार, उपकरण तथा आधुनिक र सुविधायुक्त प्रणालीको व्यवस्थापन तथा सञ्चालन गर्ने, गराउने,

(च) अस्पतालबाट उपलब्ध हुने निःशुल्क र सःशुल्क स्वास्थ्य सेवाको वर्गीकृत गरी आधारभूत, नियमित, आकस्मिक, विशेषज्ञ, विशेष, प्रेषण सेवा प्रभावकारी रुपमा सञ्चालन गर्ने, गराउने,

(छ) स्वास्थ्य सेवा प्रवाहसँग सम्बन्धित स्वेदशी तथा विदेशी सरकारी तथा गैरसरकारी संरचनामा सञ्चालित अस्पताल, विश्वविद्यालय, प्रतिष्ठान र संघ संस्थासँग सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी अस्पतालबाट उपलब्ध हुने सेवाको गुणस्तर अभिवृद्धि तथा संस्थागत क्षमता विकास गरी विशेषज्ञ सेवाका लागि भगिनी सम्बन्ध कायम गरी पारस्परिक सहयोग प्राप्त गर्ने, गराउने,

(ज) अस्पतालबाट उपलब्ध हुने सेवासम्बन्धी विभिन्न पुस्तक, पर्चा, बुलेटिन तथा सचेतना पोष्टर प्रकाशन गर्ने गराउने,

(झ) स्थानीय सरकारले स्वास्थ्य सेवाको क्षेत्रमा गर्नुपर्ने कार्यहरुका सम्बन्धमा अध्ययन, अनुसन्धान, तालिम, गोष्ठि, सम्मेलन, सेमिनार, अन्तरक्रिया आयोजना गर्ने, गराउने,

(ञ) अस्पतालबाट उपलब्ध गराइने सेवा तथा सुविधाहरूको सेवा शुल्क तोक्ने, छुट दिने सम्बन्धी निर्णय गर्ने,

(ट) अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डको मस्यौदा गरी स्वीकृतिका लागि कार्यपालिकामा प्रस्ताव पेश गर्ने,

(ठ) नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका अन्य अस्पताल, स्वास्थ्य प्रतिष्ठान, स्वास्थ्य शिक्षा सम्बद्ध शैक्षिक संस्था, स्वास्थ्य सेवा प्रवाह गर्ने अन्य संस्था तथा अस्पतालको सेवाको लागि आवश्यक र उपयुक्त संघसंस्थासँग सहकार्य, अनुभव आदान प्रदान तथा साझेदारीमा नगरबासीको स्वास्थ्य सेवामा पँहुज अभिवृद्धि हुने कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने,

(ड) अस्पताल व्यवस्थापनलाई थप प्रभावकारी, सेवा विस्तार र जनविश्वासमा वृद्धि गर्न आवश्यक हुने संगठन संरचना, दरबन्दी तथा कार्यविवरणको प्रस्ताव तयार गरी स्वीकृतीका लागि कार्यपालिकामा सिफारिस गर्ने र स्वीकृत संरचनामा समयानुकुल पुनरावलोकन गरिएको प्रस्ताव कार्यपालिकामा पेश गर्ने,

(ढ) अस्पताल सञ्चालन गर्ने क्रममा संलग्न पदाधिकारी, चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता स्वीकृत गरी लागु गर्ने र प्रचलित कानुन तथा आचार संहिता प्रतिकूल कार्य गर्ने व्यक्तिलाई प्रचलित कानुन बमोजिम दण्ड सजाय गर्ने, गराउने,

(ण) जनस्वास्थ्य सेवा सञ्चालन गर्न नगर सभाबाट जारी भएको ऐनले तोकेका अस्पताल सम्बद्ध स्वास्थ्य सेवा र सोको सर्तहरु कार्यान्यन गर्ने, गराउने,

(त) अस्पताल सञ्चालन व्यवस्थापनको लागि विशिष्टीकृत सेवा प्रदान गर्न वा समस्याको पहिचान तथा समाधानको उपाय खोजी गर्न वा कुनै विषयमा राय सुझाव पेश गर्न समितिले आवश्यकता अनुसारको उपसमिति वा कार्यदल गठन गर्ने,

(थ) औषधि, सेवा शुल्क, दस्तुर निर्धारण गर्ने,

(द) औषधी, औषधीजन्य सामग्री र अस्पतालबाट उपलब्ध हुने सेवाको मूल्य, दस्तुर र शुल्क निर्धारण गर्नुपर्ने अवस्था भएमा सो गरी प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाउने,

(ध) अस्पतालको आन्तरिक आम्दानीको वार्षिक बजेट तर्जुमा गरी नगर सभाबाट पारित गर्ने । साथै आवश्यकता बमोजिम बजेट संशोधन रकमान्तर गर्ने । बजेट थपघटको विष्य नगरसभाम अनुमोदन गराउने ।

(न) अस्पतालको सेवा प्रवाह वा सेवाग्राहीको गुनासो व्यवस्थापन गर्ने क्रममा उत्पन्न जटिल अवस्थाको व्यवस्थापन गर्न आवश्यक भएको अवस्थामा तत्काल छानविन समिति गठन गर्ने,

(प) कार्यपालिकाबाट स्वीकृत भएको खरिद नियमावली बमोजिम अस्पतालको लागि खरिद कार्य गर्ने, गराउने,

(फ) समितिको कुनै सदस्यको संयोजकत्वमा विषय संवद्ध पदाधिकारी तथा विज्ञ सहभागी गराई अस्पतालको लागि उपभोक्ता समिति गठन गरी सार्वजनिक खरिदको आवश्यक कार्य गर्ने, गराउने,

(ब) अस्पताल सञ्चालनका लागि भएका आकस्मिक खर्च अनुमोदन गर्ने,

(भ) अस्पतालको अर्धवार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्ने,

(म) नगर सभा तथा कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद-३
## प्रमुख कार्यकारी अधिकृत र अस्पताल निर्देशक सम्बन्धी व्यवस्था

**६. प्रमुख कार्यकारी अधिकृत** : (१) अस्पतालको प्रमुख कार्यकारी भूमिका निर्वाह गर्न एक जना प्रमुख कार्यकारी अधिकृतको नियुक्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था नभएको अवस्थामा नगर कार्यपालिकाले नगरपालिकामा कार्यरत अधिकृतस्तर कर्मचारीमध्येबाट अस्पतालको प्रमुख कार्यकारी भूमिका निर्वाह गर्न नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको प्रमुख कार्यकारी अधिकृत पदमा नगरपालिकामा कार्यरत स्थायी सेवाका कर्मचारी मध्येबाट नियुक्त हुनेछ ।

**७. प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार** : (१) प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अस्पतालको प्रशासकीय प्रमुखको रुपमा रही अस्पतालको दैनिक प्रशासनिक र समग्र व्यवस्थापनको कार्य गर्ने, गराउने,

(ख) नगर सभा, कार्यपालिका, व्यवस्थापन समिति, प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने र निर्देशन तथा आदेश पालन गर्ने, गराउने,

(ग) नगरपालिका र अस्पताल, सेवाग्राही र अस्पताल प्रशासन तथा अन्य अस्पताल, स्वास्थ्य संस्था तथा पदाधिकारीहरुसँग समन्वय गरी अस्पतालको सेवाको प्रभावकारिता, सेवाको क्षेत्र विस्तार र गुणस्तर अभिवृद्धि गरी जनविश्वास प्राप्त स्वास्थ्य संस्थाको रुपमा अस्पताललाई विकास गर्ने, गराउने,

(घ) अस्पतालमा आवद्ध चिकित्सक तथा अन्य सेवा र समुहका कर्मचारी तथा स्वास्थ्यकर्मीको पद, विज्ञता र रुची अनुरुपको कार्य सम्पादन गर्न कार्यविवरण सहित जिम्मेवारी तोक्ने र तोकिएको जिम्मेवारी जवाफदेही भई सम्पादन गरे नगरेको नियमित रुपमा नियमन, अनुगमन र मूल्याङ्कन गर्ने,

(ङ) समितिका अध्यक्षसँगको परामर्शमा समितिको बैठक व्यवस्थापन, प्रस्तावको तयारी, निर्णय कार्यान्वयन तथा नियमित प्रतिवेदनको प्रबन्ध गर्ने,

(च) अस्पतालको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने नीति, योजना, कार्यक्रम तथा बजेट, कार्यान्वयन कार्ययोजना समेतको खाका तयार गरी समिति समक्ष पेश गर्ने,

(छ) अस्पतालको सेवा प्रवाह आधुनिक, सूचना प्रविधिमैत्री, प्रतिस्पर्धी एवं सेवाग्राहीमैत्री बनाउन आवश्यक रणनीतिक योजना तथा कार्यक्रम तर्जुमा गरी समितिसमक्ष पेश गर्ने,

(ज) अस्पतालको दिगो तथा भरपर्दो विकासका लागि दीर्घकालीन, आवधिक र वार्षिक नीति, योजना, कार्यक्रम र बजेट तयार गरी व्यवस्थापन समितिसमक्ष पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने, गराउने,

(झ) नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी गरिएका स्वास्थ्य सेवा सम्बद्ध कानुनी प्रबन्धहरु, मापदण्ड तथा परिपत्रहरुको अध्ययन गरी त्यसको प्रयोग, पालना र कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउने,

(ञ) अस्पतालको सेवा सुसञ्चालन, प्रभावकारी सेवा विस्तार, गुणस्तर अभिवृद्धि, सेवाग्राहीमैत्री र जनविश्वसनीय बनाउन निर्देशकसँगसमन्वय, सहकार्य र सामुहिक कार्य वातावरण निर्माण गर्ने,

(ट) अस्पतालको लेखा उत्तरदायी अधिकृतको रुपमा कार्य गर्ने,

(ठ) अस्पतालको आर्थिक प्रशासन, आन्तरिक नियन्त्रण, जिन्सी व्यवस्थापनको रेखदेख, निरीक्षण एवं बेरुजू फर्छ्यौट सम्बन्धी कार्य गर्ने, गराउने,

(ड) अस्पतालमा कार्यरत कर्मचारीहरुको सात दिनसम्मको विदा र काज स्वीकृत गर्ने र सो भन्दा बढीको विदाको हकमा प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने,

(ढ) प्रमुख कार्यकारी अधिकृतको भैपरि आउने र पर्व विदा स्वयंले स्वीकृत गर्ने र अन्य विदाको हकमा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

(ण) अस्पताल निर्देशकसँग समन्वय गरी अस्पतालमा अत्यावश्यक औषधी र अन्य सामग्रीको व्यवस्थापन गर्ने, गराउने,

(त) अस्पतालको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि तोकिए बमोजिमको सार्वजनिक खरिद सम्बन्धी कार्य गर्ने, गराउने,

(थ) अस्पतालका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न, उत्प्रेरणा बढाउन तथा सेवाभाव र कार्य सम्पादनमा उच्च मनोबल कायम राख्न थप अध्ययन, तालिम, सीप विकास, गोष्ठि, सेमिनार, अन्तरक्रिया तथा अभिमुखीकरण जस्ता कार्यक्रमहरुको पहिचान गरी सेवा सम्बद्ध कर्मचारीलाई सहभागी गराउने,

(द) अस्पताल सञ्चालन तथा दैनिक सेवा प्रवाहमा कार्यरत कर्मचारीहरुलाई तोकिएको जिम्मेवारी बमोजिम कार्य सम्पादन भए नभएको र कार्य विवरण न्यायोचित र उपयुक्त रहे नरहेको, कार्यभार मनासिव देखिए नदेखिएको आदि विषयमा मूल्याङ्कन गरी तथ्यमा आधारित भई पुनरावलोकन गर्ने, कार्य सम्पादन मूल्याङ्कन गर्ने, उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्न समिति समक्ष सिफारिस गर्ने,

(ध) समितिको सदस्य सचिव भई कार्य गर्ने,

(न) प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतप्रति उत्तरदायी तथा जवाफदेही भई प्रत्यायोजित अधिकारको प्रयोग, पालना र कार्यान्वयन गर्ने र नियमित प्रतिवेदन गर्ने,

(प) अस्पतालमा कार्यरत कर्मचारीहरुसँग कार्य सम्पादन सम्झौता गरी त्यसको जानकारी समिति र प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गर्ने,

(फ) अस्पतालको आर्थिक प्रशासन सञ्चालन गर्ने तथा लेखा व्यवस्थित रुपमा राख्ने तथा राख्न लगाउने,

(ब) अस्पताल सञ्चालनको क्रममा भैपरि आउने आकस्मिक तथा नियमित कार्य र तोकिएका अन्य कार्य गर्ने, गराउने ।

**८. अस्पताल निर्देशक** : (१) अस्पतालबाट उपलब्ध हुने स्वास्थ्य सेवालाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र गुणस्तरीय रुपमा सम्पादन गर्न अस्पतालमा कार्यरतमध्ये स्वास्थ्य सेवाको वरिष्ठतम् चिकित्सकलाई निर्देशक पदमा नियुक्त गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने निर्देशकको न्युनतम योग्यता देहाय बमोजिम हुनेछ :-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस.उतिर्ण गरी कुनै पनि क्लिनिकल विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) स्नातकोत्तर उपाधि प्राप्त गरेपछि कम्तीमा पाँच वर्षको सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको,

(घ) नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ चिकित्सकको रुपमा दर्ता भएको,

(ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(च) कुनै राजनीतिक दलको सदस्यता नलिएको ।

(३) अस्पताल निर्देशकको सेवाअवधि दुई वर्षको हुनेछ । निजको कार्यसम्पादनस्तर उत्तम देखिएमा निजको सेवाअवधि समितिको सिफारिसमा कार्यपालिकाले थप गर्न सक्नेछ ।

**९. अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकार** : अस्पतालको निर्देशक पदमा नियुक्त हुने चिकित्सकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख कार्यकारी अधिकृतको प्रत्यक्ष मातहतमा रही प्राविधिक जनशक्ति परिचालन गरी चौबिसै घण्टा अस्पताल सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ख) प्रमुख कार्यकारी अधिकृतसँग आवश्यक परामर्श गरी स्वास्थ्यकर्मीहरुको ड्युटी रोस्टर तयार गरी लागु गर्ने, गराउने,

(ग) अस्पतालको सेवा नियमित सञ्चालन गर्न, सेवा विस्तार गर्न तथा समयानुकूल नविन प्रविधि प्रयोगमा ल्याई स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न आवश्यक उपकरण, जनशक्ति र प्रणाली सम्बन्धमा अध्ययन अनुसन्धान गरी योजना तयार गर्ने,

(घ) अस्पतालबाट उपलब्ध हुने निःशुल्क र सःशुल्क स्वास्थ्य सेवाको वर्गीकृत गरी आधारभूत, नियमित, आकस्मिक, विशेषज्ञ, विशेष, प्रेषण सेवा प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक नीति, कानुन, जनशक्ति, प्रविधि र प्रणाली सम्बन्धमा प्रस्ताव तयार गरी प्रमुख कार्यकारी अधिकृतमार्फत समिति समक्ष पेश गर्ने,

(ङ) अस्पतालको सरसफाई चुस्त दुरुस्त राखी सम्भावित संक्रमणलाई निवारण गर्ने प्रबन्ध मिलाउने,

(च) अस्पतालको सेवा सञ्चालनलाई दिगो, सेवाग्राहीमैत्री, सहज, विश्वसनीय र आत्मनिर्भर बनाउने योजना तर्जुमा गरी पेश गर्ने,

(छ) उत्कृष्ट नमुना अस्पताल बनाउने लक्ष्यका साथ कार्य सम्पादन गर्ने, गराउने,

(ज) अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुको कार्य विवरण तयार गरी प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्ने,

(झ) अस्पतालमा विशेषज्ञ सेवा प्रवाह गर्ने,

(ञ) अस्पतालको ल्याव सेवालाई गुणस्तरीय, आधुनिक र सहज बनाउने,

(ट) स्वास्थ्यकर्मीको कार्य सम्पादनलाई थप उत्प्रेरित तथा न्यायोचित गर्न कार्य सम्पादन सूचकका आधारमा थप सुविधा उपलब्ध गराउन सिफारिस गर्ने,

(ठ) स्वास्थ्यकर्मीको कार्य सम्पादनस्तर र अनुशासनलाई आधार बनाई पुरस्कार तथा दण्डको सिफारिस गर्ने,

(ड) स्वास्थ्यकर्मीको कार्य सम्पादन मूल्याङ्कनमा सुपरीवेक्षक भई कार्य गर्ने,

(ढ) अन्य अस्पतालहरुसँग समन्वय गरी अनुभव आदान प्रदान गर्ने र असल अभ्यासको अनुसरण गर्ने,

(ण) अस्पतालले उपलब्ध गराएको सेवा सम्बद्ध विवरण, सबल पक्ष र सुधार गर्नुपर्ने पक्ष समावेश भएको प्राविधिक प्रतिवेदन नियमित रूपमा समितिको बैठकमा प्रमुख कार्यकारी अधिकृतमार्फत पेश गर्ने,

(त) समिति, प्रमुख प्रशासकीय अधिकृत र प्रमुख कार्यकारी अधिकृतले प्रत्यायोजन गरेका कार्यहरु गर्ने, गराउने,

(थ) अस्पतालले प्रवाह गर्ने स्वास्थ्य सेवाको नियमित नियमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गरी तत्काल सुधार गर्नुपर्ने र भविष्यमा गर्नुपर्ने कार्यको विवरण प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्ने,

(द) स्वास्थ्यकर्मीको क्षमता विकास तथा विशेषज्ञता हासिल गर्ने कार्यक्रमहरु पहिचान गरी सहभागिताको लागि प्रमुख कार्यकारी अधिकृत समक्ष प्रस्ताव पेश गर्ने,

(ध) स्वास्थ्य सेवा सम्बद्ध सेवा उपर प्राप्त हुने गुनासोको समयमै सम्बोधन गर्ने,

(न) सेवा प्रवाह उपर यदाकदा सेवाग्राही तथा निजका शुभेच्छुकहरुबाट हुनसक्ने असन्तुष्टि, विवाद, झै-झगडा, हुलहुज्जत समेतको सहज समाधान गर्न भरमग्दुर प्रयास गर्ने र जटिल प्रकृतिको विवाद उत्पन्न भएको अवस्थामा यथासम्भव छिटो प्रमुख कार्यकारी अधिकृतलाई जानकारी गराई समाधानको लागि उपयुक्त र सामुहिक पहल गर्ने,

(प) तोकिएका अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद-४
## अस्पताल सञ्चालन सम्बन्धी विशेष व्यवस्था

**१०. प्रचलित कानुन बमोजिम हुने** : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र यस ऐनमा नलेखिएका विषय बुढानीलकण्ठ नगरपालिका जनस्वास्थ्य सेवा ऐन तथा नगरपालिकाको अन्य कानुन बमोजिम र उल्लिखित कानुनमा समेत नभएको विषयको हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

**११. अस्पतालको कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमा :** अस्पतालले गर्ने वार्षिक कार्य सम्पदानको मूल्याङ्कन सूचक बनाई कार्यान्वयन गरिनेछ ।

**१२.उत्प्रेरणा सुविधा सम्बन्धमा** : अस्पताललाई प्रभावकारी रुपमा नगरबासीको स्वास्थ्य जस्तो अति संवेदनशिल सेवा सरल र सहज रुपमा उपलब्ध गराउन चौबिसैं घण्टा सेवा सुचारु गर्नुपर्ने र कार्य प्रकृति समेत निकै संवेदनशिल र जोखिमपूर्ण समेत हुने भएका कारण अस्पतालबाट सेवा प्रवाह गर्न खटिने चिकित्सक तथा स्वास्थ्यकर्मी, कर्मचारी र अस्पताल कर्मचारीलाई व्यवस्थापन समितिले तोके बमोजिमको उत्प्रेरणा सुविधा वा प्रोत्साहन सुविधा एवं अतिरिक्त भत्ता उपलब्ध गराउन सकिनेछ ।

**१३. अनलाइन सेवा सञ्चालन** : सेवाग्राहीले अस्पतालले प्रदान गर्ने सेवाहरु सरल, सहज र प्रभावकारी रुपमा प्राप्त गर्न अनलाइनको माध्यमबाट टिकट लिने, शुल्क जानकारी भई बुझाउन मिल्ने, चिकित्सक छनोट गर्ने, समय यकिन गर्ने, ल्यावका रिपोर्टहरु प्राप्त गर्न सकिने, सेवाग्राहीलाई सूचना सम्प्रेषण हुने, अस्पताल सम्बद्ध अन्य महत्वपूर्ण जानकारी लिन सकिने आदि सेवाहरु अनलाइन मार्फत सञ्चालन गर्न सकिनेछ ।

**१४. विवाद समाधान :** (१) यस ऐन बमोजिम सञ्चालित अस्पतालले सेवा प्रवाह गर्ने क्रममा कुनै विवाद उत्पन्न भएमा सम्भव भएसम्म मेलमिलाप हुनसक्ने विवादमा मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने प्रयास गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मेलमिलापबाट विवाद समाधान गर्न न्यायिक समितिले मेलमिलापकर्ता, मेलमिलाप केन्द्र तथा अन्य आवश्यक प्रबन्ध गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम मेलमिलाप हुन नसकेमा विवादको प्रकृति अनुसार न्यायिक समितिको क्षेत्राधिकार भित्रको विवाद भएमा न्यायिक समितिले र न्यायिक समितिको क्षेत्राधिकार नभएका विषयका हकमा अधिकार प्राप्त निकायमा विवाद प्रेषित गर्नुपर्नेछ ।

**१५. असल नियतले गरेको काममा बचाउ :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि असल नियतले अस्पतालले प्रवाह गर्नुपर्ने सेवा प्रवाह गरेको विषयलाई लिएर कुनै पनि पदाधिकारी, स्वास्थ्यकर्मी वा कर्मचारी विरुद्ध कुनै किसिमको कानुनी कारबाही चलाइने छैन ।

**१६. निर्देशन दिन सक्ने :** (१) नगर सभा तथा कार्यपालिकाले समितिलाई अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(३) समितिले उपदफा (१) बमोजिमको निर्देशन पालना तथा कार्यान्वयन आफैले गर्नुपर्ने अवस्थामा बाहेक त्यस्तो आदेश कसले पालना गर्नुपर्ने हो यकिन गरी अस्पताल सञ्चालनमा संलग्न सम्बद्ध कर्मचारी वा स्वास्थ्यकर्मीलाई निर्देशन गर्नु पर्नेछ ।

**१७. अस्पतालमा फार्मेसी सञ्चालन गर्नुपर्ने** : (१) अस्पतालले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधीहरुको सम्भव भएसम्म नियमित उपलब्धता सुनिश्चितता गर्नुका साथै अन्य आवश्यक औषधीहरु समेत सुपथ मूल्यमा उपलब्ध गराउनुपर्नेछ ।

(२) औषधीसम्बन्धी अन्य व्यवस्था अस्पतालले बनाएको मापदण्ड र प्रचलित कानुनबमोजिम हुनेछ ।

**१८. साझेदारी र सहकार्य गर्न सक्ने** : अस्पतालले आधारभूत स्वास्थ्य सेवा लगायतका विशेषज्ञ स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहका सरकारी, गैह्रसरकारी वा निजी स्वास्थ्य संस्था, भगिनी निकाय तथा संघ-संस्थासँग आवश्यकताका आधारमा सहकार्य तथा साझेदारी गर्न सक्नेछ ।

**१९. घुम्ती शिविर सञ्चालन गर्न सकिने** : (१) नगरपालिकाक्षेत्रभित्र अस्पतालले प्रवाह गर्ने स्वास्थ्य सेवा तथा स्वास्थ्य सचेतनाका लागि घुम्ती शिविर सञ्चालन गर्न सक्नेछ ।

(२) घुम्ती शिविर सञ्चालन कार्यमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले वडा कार्यालयसँग समन्वय गरी

वडा कार्यालयको अनुरोधमा समिति वा नगरपालिकाको स्वीकृतिमा शिविर सञ्चालन गर्न सक्नेछ ।

**२०. विशेष स्वास्थ्य सेवा र स्वास्थ्य बिमा** : (१) नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने नगरबासीलाई प्रचलित कानुन बमोजिम स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराउन अस्पतालले सम्वद्ध पक्षसँग समन्वय र सहजीकरण गर्नेछ ।

(२) नेपाल सरकारले स्वास्थ्य बिमा सेवा सञ्चालन गरी बिमा दावी भुक्तानी व्यवस्था गर्नेछ ।

(३) अस्पतालले वेवारिसे, विपन्न, अभिभावकविहिन, महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक र अन्य विशेष संरक्षणको आवश्यकता भएका लक्षित समूहका लागि विशेष स्वास्थ्य सेवाको कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(४) नेपाल सरकारले स्वास्थ्य बिमाको अतिरिक्त सामाजिक सुरक्षा कोष लगायत अन्य बिमा प्रकृतिका सेवामा अस्पताललाई आवद्ध गरी सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ ।

(५) जनप्रतिनिधि र कर्मचारीका लागि अस्पतालले दिने सेवा सुविधामा विशेष सहुलियत वा सुविधा दिने गरी समितिले निर्णय गर्न सक्नेछ ।

**२१. अस्पतालको सेवा अवरुद्ध गर्न नपाइने** : अस्पतालले उपलब्ध गराउने स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि पक्षबाट अस्पतालको नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाइने छैन ।

**२२. पेसागत सुरक्षा र कार्यमैत्री वातावरण** : अस्पतालमा भयरहित रूपमा उपचार तथा सेवा प्रदान गर्न पेसागत सुरक्षा र कार्यमैत्री वातावरण निर्माण गर्नुसमितिको दायित्व हुनेछ ।

**२३. एम्बुलेन्स तथा शववाहन सेवा** : (१) अस्पतालले आफ्नै स्रोत वा अन्य संस्थासँगको सहकार्यमा प्रचलित मापदण्डबमोजिमका एम्बुलेन्स तथा शववाहन सेवा सञ्चालन गर्नु पर्नेछ ।

**२४. नागरिक बडापत्र राख्नुपर्ने** : (१) अस्पतालबाट प्रदान गरिने सेवासम्बन्धी सम्पुर्ण तथ्याङ्कहरू नियमानुसार अभिलेखन गरी र तोकिएको समयभित्र स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा अनिवार्य रूपले प्रविष्ट गर्नुपर्नेछ ।

(२) बिरामीले अस्पतालबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरूप सेवाहरू सुनिश्चितता गर्नुपर्नेछ ।

**२५. सोधपुछ तथा सहायता कक्ष** : (१) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ ।

(२) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कलको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ ।

(३) प्रहरी, दमकल, एम्बुलेन्स जस्ता आकस्मिक सेवाका टेलिफोन नम्बरहरू अस्पतालमा सबैले स्पष्ट देखिने गरी राख्नुपर्नेछ ।

**२६. गोपनीयताको हक** : स्वास्थ्यसँग सम्बन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनीयताको सुनिश्चित गर्नु अस्पताल तथा जिम्मेवारप्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको कानुनी दायित्व हुनेछ ।

**२७. आकस्मिक कोष सम्बन्धी व्यवस्था :** अस्पतालको सेवा प्रवाहलाई प्रभावकारी बनाउन आकस्मिक कोषको सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद-५
## कसुर, जरिवाना र क्षतिपूर्ति

**२८. कसूर गरेको मानिने** : कसैले देहायबमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ :-

(क) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐनअन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(ख) स्वास्थ्यकर्मीलाई यो ऐनबमोजिम सूचना वा जानकारी गराउनुपर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ग) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(घ) स्वास्थ्यकर्मीलाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ङ) यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(च) यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड विपरितको अन्य कुनै कार्य गरेमा ।

**२९. सजाय तथा जरिवाना** : (१) दफा २७ बमोजिमको कसूर गरेमा अस्पतालले पाँच हजारदेखि पचास हजार रूपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा २७ को खण्ड (क) बमोजिमको कसुर गर्ने व्यक्तिलाई उपदफा (१) बमोजिम जरिवाना र सम्झाई बुझाई गर्दा समेत समझदारीमा नआई अस्पतालको कार्य वातावरण विगार्ने वा त्रास पैदा गर्ने वा स्वास्थ्यकर्मी तथा कर्मचारीलाई धाक धम्की दिने वा हातपात गर्ने वा अस्पतालको भौतिक संरचना विगार्ने, भत्काउने जस्ता तोडफोडजन्य कार्य गरेमा वा गर्ने आशंका भएमा निजलाई नेपाल प्रहरीको जिम्मा लगाई आवश्यक कानुनी कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनुपर्नेछ ।

(३) दण्ड, सजाय र जरिवानासम्बन्धी अन्य व्यवस्था प्रचलित कानुनबमोजिम हुनेछ ।

३०. **सजाय गर्ने अधिकारी** : दफा २८ को उपदफा (१) र (२) बमोजिमको सजाय गर्ने अधिकार अस्पतालको प्रमुख कार्यकारी अधिकृतलाई र उपदफा (३) बमोजिमको सजाय प्रमुख प्रशासकीय अधिकृतको रोहबाट हुनेछ ।

३१. **क्षतिपूर्ति दिनुपर्ने** : (१) कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत सम्बद्ध व्यक्तिबाट क्षतिपूर्ति भराई पाउन न्यायिक समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानी नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई न्यायिक समितिमार्फत मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(३) अस्पतालको भौतिक संरचना, उपकरण तथा प्रणालीमाथि कसैले क्षति गरेमा क्षति गर्ने व्यक्ति उपर नगरपालिकाले प्रचलित कानुन बमोजिमको क्षेत्राधिकार प्राप्त निकायमा क्षतिपूर्तिको मागदावी गर्न सक्नेछ ।

३२. **पुनरावेदन दिन सक्ने** : दफा २८ को उपदफा (१) बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले पैतिस दिनभित्र न्यायिक समितिमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-११
## विविध

३३. **सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्ने** : प्रचलित मापदण्डका अतिरिक्त जनस्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने गरी विशेष सेवा प्रदान गर्ने चिकित्सक वा स्वास्थ्यकर्मी, अस्पताल कर्मचारी, कर्मचारीलाई प्रोत्साहित गर्न नगरपालिका वा अस्पतालले सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

३४. **अधिकार प्रयोग गर्न सक्ने** : यस ऐनमा नगर सभा वा कार्यपालिकाले गर्ने भनि स्पष्ट तोकेका बाहेक अन्य अधिकारहरू समितिले प्रयोग गर्नेछ ।

३५. **अधिकार प्रत्यायोजन गर्न सक्ने** :

समिति, प्रमुख कार्यकारी अधिकृत र अस्पताल निर्देशकले यस ऐनअन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३६. **ऐन कार्यान्वयन मापन :** यो ऐन प्रारम्भ भएको दुई वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि कम्तीमा प्रत्येक तीन वर्षपछिको एक वर्षभित्र कार्यपालिकाले यस ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन नगर सभा अन्तर्गतको विधायन समितिमार्फत सभामा पेश गर्नु पर्नेछ ।

३७. **आर्थिक प्रशासन सञ्चालन : (१)** अस्पतालले स्वायत्त निकायको रुपमा आर्थिक अधिकार सहितको प्रशासन सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आर्थिक प्रशासनको लेखा उत्तरदायी अधिकृतको रुपमा प्रमुख कार्यकारी अधिकृत र लेखा प्रमुखबाट कार्य गर्नेछ ।

३८. **नियम बनाउन सक्ने** : यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

३९. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने** : यस ऐन र ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ र त्यस्तो कानुन स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**प्रमाणीकरण मिति : २०८२।१०।०४**

आज्ञाले,

अजय बर्तौला

**प्रमुख प्रशासकीय अधिकृत**